भोटखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हटिया,सङ्खुवासभा

पत्र सं.०८३/०८४
च.न.

कोशी प्रदेश,नेपाल।
मिति:२०८३/०६/०७

**मनसुनजन्य विपद्को उच्च जोखिमबाट सतर्कता अपनाउने सम्बन्धमा अत्यन्त जरुरी सूचना।**

श्री जिल्ला प्रशासन कार्यालय, सङ्खुवासभाको पत्र संख्या:२०८३/०८४, चलानी नः६१०, मिति २०८३/०६/०६ गतेको प्राप्त पत्र तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र मौसम पूर्वानुमान महाशाखाको मिति २०८३/०६/०६ मा जारी भएको विशेष मौसम बुलेटिन (बुलेटिन नं.३-अपडेट) अनुसार आगामी असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म कोशी प्रदेश लगायत देशका अधिकांश स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरी सहित भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको छ।
उक्त मौसमी प्रणालीको जोखिम नक्सामा यस भोटखोला गाउँपालिका क्षेत्र 'रातो रङ्ग' (प्रतिकार्य गर्ने / अति उच्च जोखिम) को दायराभित्र परेको छ। यसबाट यस गाउँपालिका अन्तर्गतका नदी तथा खोलाहरूमा पानीको सतह बढ्ने, भू-क्षय, बाढी, पहिरो तथा गेग्रान बहावको अत्यधिक जोखिम रहेकोले, मानवीय तथा भौतिक क्षति हुन नदिन पूर्वतयारी स्वरूप सम्पूर्ण गाउँवासी, कर्मचारी, सुरक्षा निकाय तथा सरोकारवालाहरूमा निम्नअनुसार सतर्कता अपनाउन हुन यो सूचना जारी गरिएको छः

१.**यात्रासम्बन्धी सतर्कता**: अति आवश्यक काम बाहेक उक्त अवधि (असोज ९-११ गते) मा यात्रा नगर्नुहोला र रात्रिको समयमा हिँडडुल पूर्णरूपमा बन्द गर्नुहोला।

२.**सुरक्षित स्थानमा बसोबास**: पहिरो तथा खोला किनारका जोखिमयुक्त बस्तीमा बसोबास गर्नुहुने सम्पूर्ण बासिन्दाहरूले सुरक्षित स्थान वा नजिकैको आश्रयस्थलमा आश्रय लिनुहोला।

३.**उच्च सचेतना अपनाउने**: बाढी र पहिरोको उच्च जोखिम रहेका क्षेत्रमा विशेष सतर्कता अपनाई सुरक्षित रहनुहोला।

४.**उपकरण तथा यन्त्र तयारी**: सडक तथा राजमार्गमा सम्भावित अवरोध हटाउन यस क्षेत्रका सम्बन्धित निर्माण व्यवसायी तथा आयोजनाहरूले डोजर र लोडर लगायतका आवश्यक उपकरणहरू तयारी अवस्थामा राख्नुहुनेछ।

५.**आपत्कालीन सम्पर्क**: कुनै पनि आपत्कालीन समस्या वा विपद्को घटना भएमा तत्काल सम्बन्धित वडा कार्यालयहरू, गाउँपालिकाको कार्यालय वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहोला।

विपद्बाट बच्न र बचाइराख्न सबैको साझा प्रयास र सहयोगको अपेक्षा गर्दछौं।

..................
(तीर्थराज चापागाईं)
प्रमुख प्रशासकीय अधिकृत
भोटखोला गाउँपालिका,सङ्खुवासभा